*Nepal Academy of Fine Art's Journal*
LALITKALA PRAGYA
Vol. 02, No. 02, Janaury, 2026, 20-38

ISSN : 3059-9636 (Print)

# आधुनिक मूर्तिकलामा नेपाली नारीहरूको सहभागिता

**नरेन्द्र प्रसाद भण्डारी**[१]
*narendrapbhandari333@gmail.com*

| | | |
|---|---|---|
| लेख प्राप्त मिति : 31 Jul 2025 | संरचनागत परीक्षण गर्ने विज्ञ : सहप्रा.डा. रजनी ढकाल | संशोधित लेख प्राप्त मिति : 20 Dec 2025 |
| गुणवत्ता परीक्षण गर्ने विज्ञ : उपप्रा. भुवन थापा | संशोधित लेख प्राप्त मिति : 28 Dec 2025 | लेख स्वीकृत मिति : 29 Dec 2025 |

## लेखसार

*कुनै विषय र भावनालाई ठोस वस्तुका रूपमा आकर्षक आयाममा प्रस्तुत गरिएको कला नै मूर्तिकला हो । यसैक्रममा परम्परागत विषयवस्तु र कलाशैलीलाई तोडेर वर्तमान युगचेतसहित नवीन स्वरूपका मूर्तिको सिर्जना गर्नु नै आधुनिक मूर्तिकला हो । नेपालमा आधुनिक मूर्तिकलाका क्षेत्रमा क्रियाशील नारी मूर्तिकारको सङ्ख्या पुरुष मूर्तिकारका तुलनामा निकै कम रहेको छ । तीमध्ये कतिपय नारी मूर्तिकारहरू कार्यशालामा सहभागी भएर मात्र आधुनिक मूर्तिकलाको अभ्यास गर्छन् । नेपालमा चलिआएको परम्परागत मूर्तिकलाको धातु कला, प्रस्तरकलामा पनि महिला मूर्तिकारको नाम पाइँदैन । आधुनिक समयमा पनि मूर्तिकलाका क्षेत्रमा नारी सहभागिता कम हुनुको कारण के हो, नेपाली आधुनिक मूर्तिकलाका क्षेत्रमा नारी सहभागिताको स्थिति के-कस्तो छ भन्ने विषयमा अनुसन्धान भएको देखिँदैन । यस लेखमा सोसम्बन्धी तथ्यहरूको सङ्कलन गरी आधुनिक मूर्तिकलामा नारी मूर्तिकारको सहभागिताका विषयमा अध्ययन गरिएको छ । यस लेखमा भौतिक तथा विद्युतीय पुस्तकालयहरूबाट आवश्यक सामग्रीको सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएका सामग्रीहरूलाई आधुनिक मूर्तिकलाका मान्यताका आधारमा विश्लेषण गरिएको छ । यस्तो विश्लेषण स्रष्टाकेन्द्री हुनाका साथै वर्णनात्मक ढाँचाको रहेको छ । यस अध्ययनले नेपाली आधुनिक मूर्तिकलामा क्रियाशील नारीहरूको परिचय र विशेषताको जानकारी दिनाका साथै मूर्तिकलामा नारीहरूको सहभागिता कम हुनुको कारण पहिल्याएको छ । यस अध्ययनबाट नेपाली आधुनिक मूर्तिकलामा सक्रिय नारी मूर्तिकारको अवस्थाका बारेमा जानकारी प्राप्त भएको छ ।*

## शब्दकुञ्जी

कलाशैली, अनुपात, प्रतिमा लक्षण, नारी भावना ।

## विषय परिचय

आधुनिक मूर्तिकला स्वतन्त्र भावनामा आधारित कला सिर्जना हो । इतिहासदेखि चलिआएको कलापरम्पराभन्दा फरक विषयवस्तु र कलाशैलीमा मूर्ति बनाउनु नै आधुनिक मूर्तिकला हो । मूर्तिकारले मूर्ति बनाउँदा धार्मिक देवदेवी र प्राकृतिक कुरालाई जस्ताको तस्तै बनाउनु परम्परागत मूर्तिकला हो । धार्मिक मूर्ति बनाउँदा सम्बन्धित धर्ममा आधारित

१ उपप्राध्यापक, ललितकला क्याम्पस, भोटाहिटी

देवदेवीका मूर्तिहरू बनाइएको हुन्छ। यस्ता विषयवस्तुलाई पनि आफ्नो भावना प्रयोग गरेर वा शास्त्रीय मान्यता विपरीत अन्य कुरा थपेर पनि कला सिर्जना गरिन्छ। यस्तो अवस्थामा त्यस्तो मूर्तिकला आधुनिक बन्न पुग्छ। यस्तो नवीनतम मूर्तिकलाको शैलीमा आधारित रहेर केही नेपाली नारी मूर्तिकारहरूले पनि आधुनिक मूर्तिकलाको अभ्यास गरेको पाइन्छ तर पनि नेपालमा आधुनिक मूर्तिकलाको कार्यशाला हुँदा मूर्तिकलाको विषयगत अध्ययन गरेका नारीहरूको सहभागिता नगण्य रहेको छ। कतिपय अवस्थामा यस्ता कार्यक्रममा केही मात्रामा नारी चित्रकार पनि सहभागी भई मूर्ति बनाएको पाइन्छ।

ढुङ्गा, माटो, धातु वा अन्य ठोस माध्यमबाट बनाइने कलात्मक आकृति नै मूर्तिकला हो। परम्परा वा शास्त्रीय मान्यता विपरीत स्वतन्त्र भाव वा कलाशैलीमा निर्माण गरिँदा त्यस्तो मूर्तिकला आधुनिक बन्न पुग्छ। निश्चित रूपाकृतिमा नबाँधिनु, अर्थगत अनेकता देखिनु, विविधतापूर्ण विषयको संयोजन रहनु जस्ता वैशिष्ट्य आधुनिक मूर्तिकलामा पाइन्छ। आधुनिक मूर्तिकला यथार्थ, अर्धयथार्थ वा अमूर्त तीनै किसिमको हुन सक्छ। विषयवस्तुको रूप, भावभङ्गी, आकार आदिलाई जस्ताको तस्तै देखिने गरी मूर्तिको सिर्जना गर्नु यथार्थ मूर्तिकला हो। ढाँचा, शैली र आकृतिलाई सरलीकृत गरी आकृतिको आभास मात्र हुने किसिमले मूर्ति बनाएमा अर्धयथार्थ मूर्ति हुन्छ। कुनै पनि विषयवस्तुको बाहिरी रूपलाई भन्दा भावनात्मक प्रभावका आधार मूर्ति बनाउनु अमूर्त मूर्तिकला हो। आधुनिक नेपाली मूर्तिकलामा सहभागी नारीहरूले यी तीनै प्रकारका मूर्तिहरूको सिर्जना गरेका छन्।

मूर्तिकलामा पुरुषको सहभागिता महिला मूर्तिकारहरूको भन्दा सदैव बढी रहने गरेको छ। नेपाली समाज पुरुषप्रधान समाज हो। गणतन्त्रपछि महिला अधिकार र समानुपातिक सहभागिताका आधारमा नारीको भूमिका हरेक क्षेत्रमा सुनिश्चित गरिएको छ तैपनि नेपाली आधुनिक मूर्तिकलाका क्षेत्रमा क्रियाशील नारी मूर्तिकारहरूको सहभागिता निकै कम रहेको छ। अर्कातर्फ नेपाली समाजले आधुनिक मूर्तिकलालाई त्यति चाखपूर्वक अपनाएको पाइँदैन। यसका साथै नेपाली आधुनिक मूर्तिकलाको बिक्री पनि कम हुने गरेको छ। केही कलाव्यापारी तथा कलाप्रेमीहरूले यदाकदा यस्ता मूर्तिहरू खरिद गर्ने गरे पनि सामान्य नागरिकले यसको सङ्ग्रह गर्ने गरेको पाइँदैन। अर्कातर्फ मूर्तिकलाका कार्यशाला तथा प्रदर्शनीमा नारी मूर्तिकारहरूले बनाएका मूर्तिहरूको व्यवस्थापन एवं प्रदर्शनीका क्याटलक तथा लेखहरू पनि कमै भेटिन्छन्। नारी मूर्तिकारहरू नेपालका विभिन्न ठाउँमा छरिएर रहेका हुनाले तिनीहरूका बारेमा जानकारी लिन र उनीहरूले बनाएको मूर्ति अवलोकन गर्न पनि जटिलता देखिने गरेको छ। एकातर्फ नारी मूर्तिकारहरूको सङ्ख्या कम छ, अर्कातर्फ विषयगत स्रोतको उपलब्धतामा सहजता नहुने कारण आधुनिक नेपाली नारी मूर्तिकारका बारेमा अनुसन्धानात्मक कार्यहरू खासै भएका छैनन्। यस्तो परिस्थितिमा आधुनिक नेपाली नारी मूर्तिकारहरूको मूर्तिकलाका विषयमा अध्ययन गरिएको यस शोधलेखले नारी सहभागिताको स्थिति र उनीहरूका मूर्तिकलाको कलात्मक पक्षका बारेमा वर्णन गरेको छ।

## समस्याकथन

मूर्तिकलाको निर्माण गर्ने काम भनेको मानसिक मात्र होइन भौतिक श्रम पनि बेजोडले गर्नुपर्ने काम हो। मूर्ति निर्माण गर्दा अधिक समय, कठोर श्रम एवं पर्याप्त खुला स्थानको आवश्यकता हुन्छ। भौतिक श्रमको कार्य गर्नुपर्ने भएकाले पुरुषको तुलनामा महिलाहरू यस क्षेत्रमा अग्रसर देखिँदैनन् तैपनि आधुनिक नेपाली मूर्तिकलामा केही नारी मूर्तिकारहरूले आफ्नो सहभागिता देखाएकै छन्। आधुनिक मूर्तिकलामा नेपाली नारीहरूको सहभागितामा केन्द्रित भएर यो शोधलेख तयार पार्नुपूर्व कुनै अनुसन्धानात्मक कार्य भएको छैन तैपनि मैनाली (२०६३), मल्ल (२०७५), मल्ल र बज्राचार्य (सन् २०१४), कोइराला र शर्मा (सन् २०१४), खत्री (सन् २०२४) तामाङ (सन् २०२१), विवश (२०७८), भण्डारी (२०७९) ले आफ्नो पुस्तक तथा लेखमा नारी मूर्तिकारका बारेमा केही चर्चा गरेको पाइन्छ। आधुनिक मूर्तिकलामा

नेपाली नारीहरूको सहभागिता केकस्तो छ भन्ने प्राज्ञिक समस्या नै यस शोधकार्यको मुख्य समस्या हो । यो समस्या पूर्वकार्यहरूबाट समाधान नभएको तर त्यसको समाधानका लागि निश्चित आधारको कमी रहे पनि आधुनिक मूर्तिकलामा नेपाली नारीहरूको सहभागिताको स्थिति र नारी मूर्तिकारले बनाएका आधुनिक मूर्तिहरूको कलात्मक वैशिष्ट्यसम्बन्धी विषयको शोधपरक अध्ययन हुन बाँकी देखिन्छ । यही शोध अन्तरालको परिपूर्ति गर्ने काम यस लेखले गरेको छ ।

## अध्ययनको विधि

आधुनिक मूर्तिकलामा नेपाली नारीहरूको सहभागिताका बारेमा अध्ययन गर्न लागिएको यस शोधकार्यका लागि नेपाली नारी मूर्तिकारले सिर्जना गरेका आधुनिक मूर्तिहरूको आवश्यकता पर्छ । यस्ता सामग्रीहरूको सङ्कलन ती मूर्तिहरूको अवलोकनबाट तथा भौतिक तथा विद्युतीय पुस्तकालयहरूबाट गरिएको छ । यसक्रममा नेपाली नारी मूर्तिकारले बनाएका केही आधुनिक मूर्तिहरूलाई मात्र साक्ष्यका रूपमा लिइएको छ । विश्लेषण गरिने नारी मूर्तिकारका मूर्तिहरूको छनोट सोद्देश्यपूर्ण नमुना छनोटका आधारमा गरिएको छ । नेपाली नारी मूर्तिकारका आधुनिक मूर्तिकलाको अध्ययनका लागि आधुनिक मूर्तिकलाको सिद्धान्त र कला सौन्दर्यशास्त्रबाट विश्लेषणको आधार तयार पारिएको छ ।

## सैद्धान्तिक पर्याधार

कलाले प्रकृतिमा भएको साधारण कुरालाई सुन्दर रूपमा प्रस्तुत गर्ने गर्दछ । कलाका विभिन्न प्रकारमध्ये ललितकला पनि एक हो । ललितकलामा मूर्तिकला र चित्रकला दृश्यकलाअन्तर्गत पर्दछन् । यिनै कलाका विषयवस्तुमा आधारित रहेर मानवीय भावलाई ठोस रूपमा प्रस्तुत गर्ने कलालाई मूर्तिकला भनिन्छ । अर्को अर्थमा कुनै पनि विषयवस्तु, मानिसका सोचाइ वा भावनालाई जुनै पनि माध्यममा मूर्त रूप दिँदै कला संयोजनका विधिविधानमा आधारित रहेर निर्माण गरिने कलालाई मूर्तिकला भनिन्छ । समाजमा यसलाई विभिन्न नामले चिनिने गरिन्छ । मूर्तिकलालाई प्रतिमा, बिम्ब र प्रतिकृति पनि भन्ने गरिन्छ र कुनै पनि विषयवस्तु, देवता या मानवको मूर्त रूप नै मूर्तिकला हो (दाहाल, २०६०, पृ. १) । परापूर्वकालदेखि नै धार्मिक तथा लौकिक मूर्ति बनाई पूजाआजा गर्ने भएकाले समाजमा मूर्तिकलाको महत्त्व छ ।

मूर्तिकला प्रायः त्रिआयामिक हुन्छ । मूर्तिलाई सतहबाट बाहिर निस्किएको अनुपातका आधारमा मूर्तिकलालाई उच्च उद्धृत, मध्यम उद्धृत, निम्न उद्धृत, रेखात्मक उद्धृत र शङ्क उद्धृत गरी वर्गीकरण गर्न सकिन्छ । मूर्तिकला ठोस वस्तु अर्थात् माटो ढुङ्गा, काठ, धातु र अन्य माध्यमबाट बनाइन्छ । खास गरी माटाको मूर्ति सुकाएर पोलेर बनाएको टेराकोटा कला, ढुङ्गामा कुँदेर बनाएको प्रस्तर कला, काठमा कुँदेर बनाइएको काष्ठकला र धातुलाई पगालेर ढालेर या पाता पिटेर जोडेर बनाएको धातुकलालाई प्रचलित स्तरीय माध्यमका रूपमा लिने गरिन्छ । आधुनिक युगमा मूर्तिकारहरूका विषय र माध्यम पनि परिष्कृत भएका छन् । परम्परागत मूर्तिकलाका माध्यम र विधिको प्रयोग आधुनिक मूर्तिकला निर्माण गर्दा अपनाइए पनि यसको विषयवस्तु र शैली फरक हुन्छ । यसबाहेक आधुनिक मूर्तिकलामा रेजिन फाइवर, मिश्रित माध्यम, रबर र अन्य ठोस तथा बलिया वस्तुको प्रयोग गर्ने गरिन्छ ।

इतिहासदेखि मूर्तिकलामा रहेका पुराना चलनचल्तीका विषयवस्तु र कलाशैलीलाई तोडेर नयाँ भावनासहित नयाँ विषयवस्तु लिएर फरक ढङ्गले कला सिर्जना गर्नु नै आधुनिक मूर्तिकला हो । जब मूर्तिकलामा पुरानो मान्यता तथा कला शैली, परम्परागत विधिविधानभन्दा फरक ढङ्गले बनाउन थालिन्छ तब मूर्ति आधुनिकतातर्फ केन्द्रित भएको मानिन्छ त्यसैले कलामा आधुनिकतालाई नौलो परिवर्तन र अलग्ग ढाँचाको प्रस्तुति भनेर भन्न सकिन्छ (मल्ल, २०६१, पृ. १५) । आधुनिक मूर्तिकलामा मूर्तिकारहरू पूरा स्वतन्त्र भएर मूर्ति बनाउँछन् । मूर्ति बनाउँदा नयाँ माध्यममा छुट्टै

कला विधि र कलाशैलीको पनि प्रयोग गर्ने गरिन्छ । परम्परागत विधि, प्रक्रिया र शैलीमा पहिलेका मूर्तिकारहरूले नारी, पुरुष र जनावरका मूर्तिहरू पनि बनाएका थिए । त्यस्ता मूर्तिहरू धर्मले निर्देशन गरेको प्रतिमाशास्त्रमा केन्द्रित थिए तर आधुनिक कालमा मूर्तिकारहरूले धार्मिक मान्यता विपरीत स्वतन्त्र रूपमा मूर्ति बनाएका छन् । धर्मले इङ्गित गरेको प्रतिमाशास्त्रभन्दा भिन्न ढङ्गले देवीदेवताका मूर्ति बनाएका छन् । जब जानेर वा नजानेर यस प्रकारका मूर्ति बनाउँदा मूर्तिकलामा कलाकारको स्वतन्त्रता देखिन थाल्यो । यसैलाई परिवर्तित आधुनिकतातर्फको विन्दु पनि मान्न सकिन्छ । समसामयिक कलाको सन्दर्भमा पनि धर्मको निर्देशनमा बन्ने गरेका मूर्तिहरू कलाकारले आआफ्नै विचारले बनाउन थालेपछि आधुनिक कलाको शुभारम्भ भएको मानिन्छ (मल्ल, २०७५, पृ.२६) । यस हिसाबले हेर्दा निश्चित रूपाकृतिमा नबाँधिनु, अर्थगत अनेकता देखिनु, विविधतापूर्ण विषयको संयोजन रहनु आधुनिक मूर्तिकलाका विशेषताहरू हुन् । यिनै विशेषता नेपाली नारीहरूका आधुनिक मूर्तिकलामा के-कसरी अभिव्यञ्जित भएको छ भन्ने कुराको खोजी यस शोधलेखमा गरिएको छ ।

आधुनिक मूर्तिकलामा नेपाली नारीहरूको सहभागिताका विषयमा अध्ययन गरिएको यस लेखमा सामग्रीहरूको विश्लेषण गर्दा १२ जना स्थापित नारी मूर्तिकारलाई अलग अलग उपशीर्षकमा राखी उनीहरूको मूर्तिकलाको अध्ययन गरिएको छ । यसक्रममा सोद्देश्यपूर्ण नमुना छनोट गरिएका मूर्तिहरूको कलात्मक वैशिष्ट्यको र नारी सहभागिताको स्थितिको विश्लेषण गरिएको छ । यसरी हेर्दा प्रस्तुत शोधलेखको विश्लेषण विधि स्रष्टाकेन्द्री हुनाका साथै वर्णनात्मक ढाँचाको रहेको छ ।

## तथ्यहरूको विश्लेषण

ललितकलाका अन्य विधाका सापेक्षतामा मूर्तिकलामा क्रियाशील स्रष्टाहरू न्यून नै देखिन्छन् । त्यसमा पनि पुरुष मूर्तिकारका तुलनामा नारी मूर्तिकारहरूको सङ्ख्या निकै कम छ तैपनि आधुनिक मूर्तिकलामा केही नेपाली नारीहरूले आफ्नो उपस्थिति देखाइरहेकै छन् । आधुनिक मूर्तिकलामा आफ्नो सशक्त उपस्थिति देखाउने नारी मूर्तिकारहरूमा प्रमिला गिरी, सुस्मा सिंखडा, पुष्पा शेरचन, इन्दिरा श्रेष्ठ, मीना कायस्थ, अनमारी तामाङ, शिलासा राजभण्डारी, सुनिता राणा, तिमिला मास्के, कौशिला राई, करुणा श्रेष्ठ हुन् । यसै गरी आधुनिक मूर्ति बनाउने अन्य मूर्तिकारहरूमा सुस्मिता मोक्तान, सम्बिका वासुकला, मिरा नेपाली, अनुराधा थापा, गङ्गा श्रेष्ठ, सुस्मा शाक्य, रुक्मिनी धिताल, सजनी श्रेष्ठ, सुशिला थिङ, जुनु खनाल शर्मा, विनिता राई, प्रश्ना बुढा मगर, थिन्ले दोल्मा दोल्पोपा, कमला घिमिरे रहेका छन् । केही छात्राहरू मूर्तिकलाको औपचारिक अध्ययन गर्दै आधुनिक मूर्तिकलाका कार्यशाला तथा प्रदर्शनीमा सहभागी हुने गरेका छन् । उल्लिखित नारीहरू कहिलेकाँही फाट्फुट्ट प्रदर्शनीमा देखिए पनि उनीहरूमा सक्षम र प्रतिभाशाली प्रतिभा बनेर उदाउने सम्भावना देखिन्छ । उनीहरूका मूर्तिहरूमा मूर्त र अमूर्त भावको विविधता रहेको पाइन्छ ।

नेपाली आधुनिक मूर्तिकलामा नारी मूर्तिकारको अहं भूमिका रहेको छ किनकि नेपाली आधुनिक मूर्तिकलाको सुरुवाती चरणमा ठाकुरप्रसाद मैनालीपछि नारी मूर्तिकार प्रमिला गिरीले निर्माण गरेका आधुनिक मूर्तिहरूले आफ्नै विशिष्टता झल्काएका छन् । त्यसै गरी सुस्मा सिम्खडा, पुष्पा शेरचन, कमला श्रेष्ठ, गङ्गा श्रेष्ठ, सिलासा राजभण्डारी, मीना कायस्थ, अनमारी तामाङलगायतका नारी मूर्तिकारले आधुनिक मूर्तिकलाका क्षेत्रमा काम गरिरहेका छन् । नेपाली आधुनिक मूर्तिकलामा नारी मूर्तिकारको संलग्नता कमै रहे पनि जेजति काम भइरहेको छ त्यसलाई सन्तोषजनक मान्नुपर्ने हुन्छ । यसका साथै मूर्तिकलासँग सम्बन्धित सार्वजनिक कार्यक्रममा पनि नारी मूर्तिकारको उपस्थिति कमै देखिन्छ । यसकारण अन्य विधाका नारी कलाकारहरू विस्तारै मूर्तिकला विधामा पनि सहभागी हुँदै सिक्दै आफ्नो पहिचान बनाउन थालेका छन् । यसक्रममा चित्रकला बनाउने कतिपय नारी चित्रकार मूर्तिकलामा पनि काम गरिरहेका छन् जसमा सुनीता राणालगायत अरू पनि छन् ।

नेपालमा कार्यशालाबाट आधुनिक मूर्ति बनाउने अभियान सन् २००५ बाट चलेको हो । सन् २००५ मा नेपालमा आरम्भ भन्ने संस्थाले सुरुमा मूर्तिकला कार्यशालाको आयोजना काठमाडौँ उपत्यकाभित्र गरेको थियो र पछि उपत्यकाबाहिर पनि आयोजना गर्दै आधुनिक मूर्तिकलाको अभ्यास गर्न थाल्यो (मल्ल, सन् २०१४, पृ.११२) । ती मूर्तिकला कार्यशालामा नवआगन्तुक युवा मूर्तिकारदेखि वरिष्ठ मूर्तिकारहरूको पनि सहभागिता थियो । सुरुवातका यस्ता कार्यशालामा नारी मूर्तिकारहरू पुष्पा शेरचन, चन्दा श्रेष्ठ र इन्दिरा श्रेष्ठको सहभागिता रहेको थियो । त्यस समयमा उनीहरूले विशेष गरी स्त्री प्रजनन, नारी भावना, विभिन्न जनावर र पशुपक्षीलाई लिएर मूर्ति बनाएका थिए । यस्ता कार्यशालामा सहभागी भएका नारी मूर्तिकारहरूले नारीका भावना र संवेगलाई लिएर मूर्ति बनाएको पाइन्छ । त्यसै गरी मूर्तिकलाका पछिल्ला विभिन्न कार्यक्रममा पनि नारीहरूको उपस्थिति कम रहेको देखिन्छ ।

आधुनिक मूर्तिकलामा नेपाली नारी मूर्तिकार कम हुनुका प्रमुख कारण कठोर शारीरिक श्रम, सामाजिक सोच तथा विक्रीको अवस्था नै हुन् । प्रजनन प्रक्रियासँग सम्बन्धित विशेष जिम्मेवारी रहने भएकाले नारीहरूमा कठोर शारीरिक श्रम प्रक्रियामा जटिलता देखिन्छ । समाजमा पनि कठोर श्रम गर्नुपर्ने काममा पुरुष नै बढी सक्रिय हुने गरेको देखिन्छ । मूर्तिकला सिर्जना गर्दा माटो, काठ, ढुङ्गा, धातु जस्ता गह्रौँ वस्तुहरूको उपयोग गर्नुका साथै छिना, घनजस्ता कडा ज्यावलहरूको प्रयोग गर्नुपर्ने हुन्छ । धातुका मूर्ति निर्माण गर्दा अझ बढी प्रक्रिया र श्रमको प्रयोग गर्नुपर्ने हुँदा नारीहरू यस कार्यमा सम्मिलित हुन कठिन मान्छन् । अर्कातर्फ नेपाली समाजको सामाजिक सोचसमेत नारीहरूलाई कठोर शारीरिक श्रमतिरभन्दा घरायसी सुसेधन्दामा राख्नु उपयुक्त हुन्छ भन्ने खालको देखिन्छ । नारीहरू घरधन्दा र पठनपाठनका साथै खेतीपाती र बच्चाको पालनपोषण र अतिथि सत्कारका कार्यमा बढी व्यस्त देखिन्छन् । यस्ता कार्य गरिरहँदा क्षमतावान् नारीले पनि मूर्तिकला बनाउने श्रमयुक्त कार्यमा बढी समय दिन सक्दैनन् । त्यसैले पितृसत्तात्मक सामाजिक सोचका कारण आधुनिक मूर्तिकलामा नारीहरूको सहभागिता कम हुने गरेको देखिन्छ । त्यसै गरी आधुनिक मूर्तिकलाको बिक्रीको अवस्थाले पनि नारी मूर्तिकारहरूलाई यस क्षेत्रमा आकर्षित गरेको देखिँदैन । नेपाली समाजमा मूर्ति भनेको देवताको मात्र हुन्छ भन्ने मान्यता बढी छ । त्यसपछि सालिक तथा अन्य विषयवस्तुका मूर्तिहरू आउँछन् । धार्मिक भावना भएका मूर्तिहरू बिक्री भएकै हुन्छन् तर आधुनिक मूर्तिका बारेमा नेपाली समाज अनभिज्ञ नै देखिन्छ । आधुनिक मूर्तिकारहरूले वर्तमान समयमा संसारमा चलेको मूर्तिकलाको शैली र भावलाई नवीनतम रूपमा देखाउन खोजेका हुन्छन् तर त्यसलाई समाजले त्यति चासो नदिँदा आधुनिक मूर्तिकलाको बिक्रीको अवस्था निकै कम हुने पुगेको छ । यस कारण पनि नारीहरू आर्थिक दृष्टिकोणबाट बलिया हुन अन्य विषयमा लागेको हुनाले आधुनिक मूर्तिकलामा उनीहरूको उपस्थिति कम भएको हो ।

आधुनिक मूर्तिकलामा नारी सहभागिता कम देखिए पनि नेपाली नारी मूर्तिकारहरूका आधुनिक मूर्तिहरू स्त्री भावना र कोमलतासँग सम्बन्धित प्राकृतिक सङ्केतयुक्त देखिन्छन् । उनीहरूका मूर्तिले आधुनिक नेपाली मूर्तिकलामा महत्त्वपूर्ण योगदान दिएका छन् । नेपालमा आधुनिक मूर्तिकलाका क्षेत्रमा क्रियाशील रहेका केही नारी मूर्तिकारहरू यस प्रकार छन् ः

## प्रमिला गिरी

नेपाली आधुनिक मूर्तिकलाको क्षेत्रमा चर्चित र सार्वजनिक स्थानमा ठुला-ठुला आधुनिक मूर्ति राख्ने मेहनती मूर्तिकारको रूपमा प्रमिला गिरीको नाम आउँछ । उनी फरकफरक विषयवस्तुअनुसार आकृतिको बनोटलाई एकै ठाउँमा संयोजन गरी मूर्तिमा प्रस्तुत गर्ने सक्षम मूर्तिकार हुन् । नेपालका विभिन्न सरकारी कार्यालय तथा खुला स्थानमा स्थापित आधुनिक मूर्तिकलामध्ये उनका मूर्तिहरू यथार्थ, अर्धयथार्थ र अमूर्त तीनओटै शैलीमा रहेका छन् । उनका मूर्तिमा विषयवस्तुको

गम्भीर पन, वजनदार भाव र ज्यादै भव्य रूप देखिन्छ। मूर्तिकार प्रमिलाका मूर्तिमा आकारभित्र निराकार आकृतिको प्रस्तुतिसँगै अत्यावश्यक विषयवस्तुको संयोजनले सम्बन्धित भाव सफल भएका छन्। उनका मूर्तिकलामा आधुनिक कलामान्यताको प्रयोगले सुन्दरताको बेजोड प्रस्तुति दिएको पाइन्छ। उनका मूर्तिकलाका विषयवस्तु धार्मिक, प्रकृतिवाद र मनोभावसँग सम्बन्धित छन्। आफ्नो संस्कृति र आधुनिक धारलाई समिश्रण गरी कलात्मक लययुक्त आकार दिन उनी सक्षम छिन् (मैनाली, २०६३, पृ. ८)। उनका मूर्ति वजनदार पनि हुन्छन् र मूर्ति बनाउँदा ढलोट धातुमा पूरै खँदिलो बनाउने उनको बानीले मूर्तिमा भावको वजन देखिएको हुन्छ।



चित्र १ : सरस्वती, प्रमिला गिरी (Search for Human Values, सन् २०१६, पृ. ८८)



चित्र २ : त्रिनेत्र, प्रमिला गिरी (प्रमिला गिरीका आधुनिक प्रतिष्ठापित मूर्तिहरू, २०६३, पृ. ७३)



चित्र ३ : यती, प्रमिला गिरी (A Concise Introduction to Nepali Modern Sculpture, सन् २०१४, पृ. ६९)



चित्र ४ : मण्डला, प्रमिला गिरी (प्रमिला गिरीका आधुनिक प्रतिष्ठापित मूर्तिहरू, २०६३, पृ. १००)

मूर्तिकार प्रमिला गिरीका आधुनिक मूर्तिहरू प्रायः ज्यामितीय आकृतिको संयोजनमा निर्माण भएका देखिन्छन् । मूर्तिमा उठेका आकृतिका मोटो रेखा र सतहको संयोजन छ । थोरै विषयवस्तु र आकृतिको प्रस्तुति देखिने ती मूर्तिहरूको सम्पूर्ण सतह चिल्लो र सफा गरिएको हुनाले चम्केको देखिन्छ । कतै कतै मूर्तिमा प्रकाश र छायाको प्रयोगका लागि चिल्लो र खस्रो सतहको संयोजन पनि गरिएको पाइन्छ । उनले धार्मिक विषयको भैरव शीर्षकको मूर्तिमा मूर्तभित्र अमूर्त रहस्यमय मूर्ति बनाएकी छन् । उनका मूर्तिहरूमा भैरवको मुखलाई खुला रूपमा देखाइएको छ । उनका मूर्तिहरूमा भैरवको रिस र हाँसोको दुवै भावलाई मुहारको हाउभाउमा देख्न पाइन्छ । त्यसै गरी उनले यती शीर्षकको मूर्तिमा यती थुचुक्क बसेर खानेपिउने कुरा थालीमा माथि उठाएर खाने पिउने कुरा दिइरहेको देखाएकी छन् । नेपाल वायुसेवा निगम अगाडि राखिएको यो आधुनिक मूर्तिमा यतीको आकृतिलाई सरलीकृत गरी अतिथि सत्कारका लागि उपयोगी हुने ढाँचामा तयार पारिएको छ । यस मूर्तिमा उनले नेपाल पाहुनाको सत्कारका लागि उदाहरणीय स्थान हो भन्ने भाव दिएकी छन् । यो मूर्ति कला संयोजनका हिसाबले यतीको अनुपात र सन्तुलनलाई महत्त्व दिएर बनाइएको छ । यस्तै उनले राष्ट्रिय विमा संस्थानअगाडि त्रिनेत्र मूर्ति बनाएकी छन् । उनले यस मूर्तिमा हिन्दु धर्मको शिवको तेस्रो नेत्र र त्यसको पछाडि शिवले लगाउने टिकाको प्रतीकलाई लिएर स्त्री र पुरुषको सङ्गमलाई देखाएकी छन् ।

मूर्तिकार प्रमिला गिरीका मूर्तिकलामा मूर्तभन्दा अमूर्त भाव पाइन्छ । मूर्तिमा फरक-फरक अमूर्त ज्यामितीय वा अन्य प्राकृतिक आकारलाई फरक ढङ्गले संयोजन गरी बनाएको पाइन्छ । मूर्तिमा उनले भैरव भनेर अमूर्त भावमा मानवीय यौनिकता तथा मिलनको सन्देश दिन खोजेको पाइन्छ । उनले बनाएको सरस्वती एउटा साधारण नारीको आभास दिने दुई हात र शिरको अमूर्त आकार भएको मूर्ति हो । यो झट्ट हेर्दा सर्पजस्तो आकृति देखिए पनि त्यहाँ दायाँ हातसँगै किताबको आकृति प्रस्ट देखिन्छ । यस मूर्तिको विषयवस्तु शिक्षा भएकाले अध्ययनका क्रममा एक नारी निहुरिएर पढिरहेको भावलाई यहाँ सङ्केन्द्रित गरिएको छ । नेपाली परम्परागत मूर्तिकलामा आधारित रहेर मूर्ति निर्माण गर्दा हिन्दु धर्ममा आधारित प्रतिमा लक्षणको विधिविधानमा रहेर परम्परागत शैलीमा मूर्ति बनाउनुपर्छ तर यहाँ एक्कासि सार्वजनिक स्थलमा यस प्रकारको अमूर्त भावमा आधारित सरस्वतीको मूर्ति बनाउन सम्बन्धित पक्षलाई पाच्य गराउनु मूर्तिकारको खुबी नै मान्नुपर्छ । यो अर्धमूर्त मूर्ति धार्मिक र अमूर्त भावको संयोजनमा बनाइएकाले उक्त स्थानको वातावरणीय सुन्दरता बढेको देखिन्छ ।

नेपाली समसामयिक मूर्तिकलामा प्रमिला गिरी एक अथक परिश्रमी मूर्तिकारका रूपमा परिचित छन् । उनले बनाएका मूर्तिहरूमा आकार र विषयवस्तुको सन्तुलनलाई विशेष ध्यान दिइएको पाइन्छ । उनका यी मूर्तिहरूले नेपाली नारी मूर्तिकारको ठुलो कमीलाई परिपूर्ति गरिदिएको मात्र होइन पुरुषका सापेक्षता नारी मूर्तिकारको दरिलो उपस्थितिलाई समेत देखाइदिएको छ ।

## सुस्मा सिम्खडा

मूर्तिकार सुस्मा सिम्खडा आधुनिक मूर्तिकलामा काम गर्ने नारीहरूमध्येको अर्को नाम हो । उनी मूर्तिकलामा अमूर्त, अर्धमूर्त र मूर्त शैलीमा मूर्ति बनाउने गर्छिन् । उनले महिलासम्बन्धी मूर्तिहरू बनाउनुका साथै ससाना बच्चाहरू खेलिरहेको भावमा पनि मूर्ति बनाएकी छन् । उनका मूर्तिकलामा नारी भावना, आमा र बच्चाको प्रेम तथा बाल जीवनको सौन्दर्य देख्न सकिन्छ । उनले यथार्थ र अमूर्त भावको संयोजन गरेर पनि मूर्तिहरू बनाएकी छन् । उनले आधुनिक मूर्तिकलामा विषयवस्तुको प्रस्तुति गर्दा भावलाई बढी महत्त्व दिएको पाइन्छ । उनले धार्मिक विषयमा पनि मूर्ति बनाएको भए पनि ती मूर्तिहरूमा आफ्नो भावनासँगसँगै धार्मिक सङ्केतको प्रयोग गरी आकारमा अमूर्तपन ल्याएको देखिन्छ । उनले सुरुमा मानव शरीर जीवन्त मूर्ति बनाउने गर्थिन् पछि उनले मूर्तिहरूलाई सरलीकृत गर्दै अर्धमूर्त र शारीरिक अनुपातमा पनि

भिन्नता दिँदै वयन (टेक्स्चर) को प्रयोग गर्न थालिन् (शेरचन, २०७०, पृ.१५)। उनले बालक र महिलाका मूर्तिहरू भने अर्धमूर्त शैलीमा बनाएकी छन्। उनको मूर्तिकलामा नारीका भावना र प्राकृतिक विषयवस्तुको प्रधानता पाइन्छ।



चित्र ५ : मूर्ति, सुस्मा सिम्खडा (ललितकला द्वैमासिक २०७०, पृ २)



चित्र ६ : मूर्ति, सुस्मा सिम्खडा (राष्ट्रिय ललितकला प्रदर्शनी, सन् २०१४, पृ. ४२६)



चित्र ७ : मूर्ति, सुस्मा सिम्खडा (A Concise Introduction to Nepali Modern Sculpture, सन् २०१४, पृ. ७२)



चित्र ६ : मूर्ति, सुस्मा सिम्खडा, (राष्ट्रिय ललितकला प्रदर्शनी, सन् २०१४, पृ. ४२६)

सुस्मा सिम्खडा सन् १९६६ मा भारतको एमएस विश्वविद्यालय बरोदामा फोटोग्राफी पढ्न गएकी थिइन्। त्यहाँको वातावरणअनुसार मूर्तिकलामा उनको पनि रुचि बढ्यो। उनले भारतका प्रख्यात मूर्तिकार शङ्खु चौधरीको प्रशिक्षणमा लाइफ स्टडी र कम्पोजिसन सिकेकी थिइन्। त्यहाँ उनले आमा बच्चाको संयोजनमा मूर्ति बनाएकी थिइन्। उनका मूतिमा आफ्ना गुरुको प्रभाव पनि देख्न सकिन्छ। यसपछि उनी मूर्तिकला सिर्जनामा तन्मयताका साथ लागिरहेको देखिन्छ। सानो कदकी भए पनि मूर्तिकलामा अठोटका साथ लागेको हुनाले उनलाई नेपाली मूर्तिकलामा प्रेरणाको स्रोतका रूपमा लिन सकिन्छ।

सिम्खडाले आधुनिक मूर्तिकलाका क्षेत्रमा आमा र बच्चा, लाइफ स्टडी, प्राकृतिक आकृति, महिलाका मूर्ति, ब्रह्मा-विष्णु-महेश्वर र बच्चाहरू खेलिरहेको आदि मूर्तिहरू बनाएकी छन्। यी मूर्तिमा माया, प्रेम र दैनिक क्रियाकलाप सम्बन्धित विषयहरू पाइन्छन्। कपाल कोरेकी महिलाको मूर्तिमा एउटी नारी बायाँ खुट्टा मोडेर अर्को खुट्टा टेकेको अवस्थामा निहुरिएर थचक्क भुईँमा बसेको देखाइएको छ। कपाल कोरिरहेको अवस्थालाई देखाइएको यो मूर्ति पूर्ण यथार्थ नभएर आकृतिहरूलाई सरलीकरण गरी बनाइएको आधुनिक मूर्ति हो। काँस धातुबाट बनाइएको यो मूर्ति हाल बरोदामा राखिएको छ।

सुस्मा सिंखडाले प्राकृतिक फूलका मूर्तिहरू पनि बनाएकी छन्। एउटा फूलको आकारमा तलबाट माथि तीन तह हुने गरी मोडिएर टुप्पोमा लाम्चा गोलाकार आकृति बनाइएको यस मूर्तिमा आकृतिहरूलाई घुमाएर सतहसँग मिलाइएको छ। यो मूर्ति पूर्णतया अमूर्त शैलीमा बनेको मान्न सकिन्छ। माध्यमका रूपमा सेतो सिमेन्ट लिइएको छ भने यो मूर्ति २१.५ इन्च अग्लो र १० इन्च चौडाइमा बनाइएको छ। यस मूर्तिबाट उनले जीवन फूलजस्तै रहेछ, फूलजस्तै मुस्कुराएर जीवन बिताउनुपर्छ र जीवन फूलजस्तै क्रमिक विकास हुँदै जान्छ भन्ने भाव दिन खोजेको पाइन्छ।

सुस्मा सिम्खडाका मूर्तिहरू सार्वजनिक स्थानमा देख्न नपाइए पनि उनका ससाना मूर्तिहरू आफन्तको संरक्षणमा रहेका छन्। उनको मूर्तिकलामा विषयवस्तु र प्रस्तुतिका हिसाबले समसायिक शैली देख्न सकिन्छ। समसामयिक मूर्तिकारहरूमा उनी प्रमिला गिरीकै समकक्षी मूर्तिकार हुन्। उनले मूर्तिकलामा गरेको शैलीगत आकृतिको प्रयोग आधुनिक युगका नव मूर्तिकारहरूले अनुसरण गरेको पाइन्छ।

## पुष्पा शेरचन

मूर्तिकार पुष्पा सेरचनका आधुनिक मूर्तिहरूमा शान्ति र सद्भावको सन्देश पाइन्छ। उनका मूर्तिहरूमा फूल, पात, चरा, परेवाहरूको आकृतिले शान्ति र सद्भावको भावना सम्प्रेषण गरेको पाइन्छ। यसै गरी उनले नारीमनका कोमलतम भावनालाई लिएर पनि मूर्ति बनाएको देख्न सकिन्छ। नेपाली मूर्तिकलाका क्षेत्रमा विशिष्ट पहिचान बनाएकी शेरचन वर्तमान समयमा भने पारिवारिक समस्याका कारण कम क्रियाशील रहेको पाइन्छ। ३८ वर्ष उमेरमा ललितकला क्याम्पसमा भर्ना भएर मूर्तिकलाको अध्ययन सुरु गरेकी शेरचनले सन् २०१४ मा मूर्तिकला विषयमा स्नातकोत्तर गरेकी थिइन्। यस बारेमा कला समीक्षक मुकेश मल्ल लेख्छन्- वि.सं. ०४६ मा ३८ वर्ष पुगिसकेकी उनलाई कलाको अध्ययन सुरुबाट गर्ने इच्छा भयो र उनी ललितकला क्याम्पसमा



चित्र ९ : मूर्ति, पुष्पा शेरचन, A Concise Introduction to Nepali Modern Sculpture, सन् २०१४, पृ. ८७)



चित्र १० : मूर्ति, पुष्पा शेरचन, A Concise Introduction to Nepali Modern Sculpture, सन् २०१४, पृ. ८६)

भर्ना हुन पुगिन् । उनले रमाइलो मान्दै भनिन्, त्यस बेला मेरो छोरा नै २४ वर्ष पुगिसकेको थियो (मल्ल, २०७५ पृ.१२९) । उनले प्रमाणपत्र तहमा भर्ना भएर निरन्तर अध्ययन गरी स्नातकोत्तर गरेपछि नेपाल ललितकला संस्था (नाफा) मा स्टुडियो लिएर निरन्तर मूर्ति निर्माण गर्न थालिन् । मूर्तिकार पुष्पा शेरचन नेपाली समसामयिक मूर्तिकारको आरम्भ समूहको सदस्य भएर आधुनिक मूर्तिकलाको विकासका लागि महत्त्वपूर्ण कार्य गरेकी छन् ।



चित्र ११ : मूर्ति, पुष्पा शेरचन (राष्ट्रिय ललितकला प्रदर्शनी, २०७०, पृ. ६२)



चित्र १२ : मूर्ति, पुष्पा शेरचन, (नेपाली समसामयिक मूर्तिकलाको रूपरेखा, २०७५, पृ. १९९)

नेपाली मूर्तिकलाका क्षेत्रमा सुष्मा सिम्खडा र प्रमिला गिरीपछि उदाएकी पुष्पा शेरचनका कलाकृति शान्त र सरल प्रकृतिका छन् । उनले धेरै र उच्च स्तरका मूर्ति निर्माण गर्नुका साथै विविध माध्यममा मूर्ति बनाउने गर्छिन् (ने.ल.प्र.प्र.,सन् १०१४, पृ.२७८) । सर्पको जस्तो एउटा आकृतिलाई बटारेर तलको भागमा खुम्चाहट ल्याई मुख जस्तो बनाई जीवन्तता दिने प्रयास उनले आफ्नो मूर्तिमा गरेकी छन् । सर्पको काँचुलीजस्तो बाहिरी सतहको बनोटले मूर्तिमा सरलता र कोमलपन ल्याएको छ । त्यसै गरी शान्तिको प्रतीक परेवाको मूर्तिमा जब शान्त ठाउँमा परेवा बस्छ तब ऊ मस्तसँग आफ्नो जिउ कन्याउँदै आनन्द लिन्छ भन्ने भाव देखिन्छ । यस्तो अवस्था शान्ति भएपछि मात्र प्राप्त गर्न सकिन्छ भन्ने भाव यो मूर्तिले दिएको छ । यस मूर्तिले देशमा तत्कालीन अवस्थामा भएको अशान्तिको चित्रण गरेको पाइन्छ । उनको यो मूर्ति धातुमा बनाइएको र सतहमा पेटिनाबाट रङ दिइएको मूर्ति हो । यो अर्धयथार्थ शैलीको मूर्तिमा परेवा र भावको संयोजन तथा सन्तुलनलाई प्रमुख ध्यान दिएर वजनदार देखाउने प्रयास गरिएको छ ।

## इन्दिरा श्रेष्ठ

नेपाली मूर्तिकलाका क्षेत्रमा देखिने अर्की नारीप्रतिभा इन्दिरा श्रेष्ठ हुन् । उनले सामान्य, धार्मिक, प्राकृतिक र अमूर्त शैलीका मूर्तिहरू बनाउने गरेको देखिन्छ । ललितकला क्याम्पसमा स्नातक तह अध्ययन गरिसकेपछि जर्मन गएकी श्रेष्ठले त्यहाँ मूर्तिकला विषय अध्ययन गरेकी थिइन् । उनका मूर्तिहरूमा नारी कोमलता र प्राकृतिक विषयवस्तु देख्न सकिन्छ । उनले मूर्तिकला कार्यशालामा प्रायः आधुनिक मूर्ति निर्माण गर्ने गरेकी छन् । उनले नेपाल जापानमैत्री सम्बन्धको पचासौँ वार्षिक उत्सवमा नेपाल ललितकला संस्था नाफा नक्सालमा भएको हार्मोनी अन्तर्राष्ट्रिय कार्यशालामा दुई अमूर्त आकृतिको स्वरूप बनाएकी थिइन् । यस मूर्तिमा उनले सानो र ठुलो वा होचो र अग्लो जुनसुकै वस्तुको पनि समान महत्त्व हुन्छ र एक र अर्काका बिचमा सुमधुर सम्बन्ध रहन्छ भन्ने देखाएकी छन् । उनले मूर्त र अमूर्त दुवै शैलीहरूमा मूर्ति बनाउने गर्छिन् । उनले समसामयिक मूर्तिकलामा नारी आकृतिका साथै चराहरू र फूलपत्तीका अर्धयथार्थ शैलीका मूर्तिहरू बनाएको पाइन्छ (भण्डारी, २०७९, पृ.८४) ।




चित्र १३ : रिदम, कमला श्रेष्ठ, (राष्ट्रिय ललितकला प्रदर्शनी, सन् २०१४, पृ. १३१)



चित्र १४ : मूर्ति, कमला श्रेष्ठ, (राष्ट्रिय ललितकला प्रदर्शनी, सन् २०१४, पृ. १३१)



चित्र १५ : शक्ति, इन्दिरा श्रेष्ठ, (राष्ट्रिय ललितकला प्रदर्शनी, २०७४, पृ. ६४)



चित्र १६ : आकर्षण, इन्दिरा श्रेष्ठ, (हार्मोनी, सन् २००६, पृ. १२)

मूर्तिकार इन्दिरा श्रेष्ठले आफ्नो गृहनगर चितवनमा मूर्तिकलाको कार्यशाला स्थापना गरेर व्यावसायिक रूपमा मूर्ति बनाउँदै आफ्नो सिर्जनालाई पनि अगाडि बढाउँदै आएको देखिन्छ।

## चाँदनी बज्राचार्य

ललितकला क्याम्पसमा मूर्तिकला विषयमा स्नातक अध्ययन गरेकी नारी मूर्तिकार चाँदनी बज्राचार्य नेपाली आधुनिक मूर्तिकलाका क्षेत्रमा सक्रिय देखिन्छिन्। उनले विशेषतः सामूहिक कला प्रदर्शनीमा सहभागी भई आधुनिक मूर्तिकलाको सिर्जना गर्ने गरेको पाइन्छ। उनले बनाएका मूर्तिहरू मानव आकृति र प्राकृतिक वस्तुलाई लिएर रचना गरिएका हुन्छन्। उनले केही मूर्ति रचना गरी सामूहिक प्रदर्शनीमा राखेर आफ्नो सहभागिता प्रस्तुत गरेकी छन्।



चित्र १७ : मूर्ति चाँदनी बज्राचार्य (राष्ट्रिय ललितकला प्रदर्शनी, २०६८ पृ. ४२)



चित्र १८ : कम्पोजिसन, चाँदनी बज्राचार्य (राष्ट्रिय ललितकला प्रदर्शनी, २०६९, पृ. ४७)

मूर्तिकार चाँदनी बज्राचार्यले कपाल कोरेकी महिलाको मूर्तिमा नारी आकृति झुकेर कपाल कोरिरहेको बनाएकी छन्। यस मूर्तिमा उनले नारीहरू कोमल हुनाले पीडा भए पनि सुन्दरतामा ध्यान दिएका हुन्छन् साथै आफ्नो काम आफैं गर्न हरेक परिस्थितिमा अग्रसर हुन्छन् भन्ने भाव देखाएकी छन्। उनले

बनाएको अर्को मूर्तिमा फूल फक्रिएको र त्यसको मध्यभागमा बीजको उद्भव भएको देखाएकी छन् । उनले यस मूर्तिमा फूल फक्रिए लगत्तै आफ्नो अस्तित्वका लागि बीजबाटै नयाँ जीवनको सुरुवात गर्दछ भन्ने देखाएकी छन् । उनी मूर्तिकलालाई सामाजिक परिवेश र नारी भावनामा केन्द्रीकृत गरेर देखाउने क्षमतावान् मूर्तिकार हुन् ।



चित्र १९ : विविधता, चाँदनी बज्राचार्य (राष्ट्रिय ललितकला प्रदर्शनी, २०७२, पृ. ६१)



चित्र २० : योगा, चाँदनी बज्राचार्य (राष्ट्रिय ललितकला प्रदर्शनी, २०७७, पृ. ९२)

## मीना कायस्थ

नेपाली मूर्तिकलामा भिन्न माध्यम जस्तै सेरामिक्स, धातु, पेपरमेसी र मिश्रित माध्यममा मूर्ति बनाउने मूर्तिकारको रूपमा मीना कायस्थ चिनिन्छन् । उनी काठमाडौं विश्वविद्यालयबाट मूर्तिकला विषयमा स्नातक गर्ने पहिलो महिला मूर्तिकारसमेत हुन् । नाचगान, भेटघाट र मानवीय सोच जस्ता नेपाली सांस्कृतिक विषयवस्तुलाई मूर्तिमा सरल ढङ्गले प्रस्तुत गर्न उनी सिपालु छिन् । विशेषतः जङ्क आर्टमा रुचि राख्ने कायस्थ फालिएका वस्तुको प्रयोग गरेर आकर्षक मूर्ति बनाउँछिन्



चित्र २१ : Lyric of Era, मिना कायस्थ (Nepali Artists, सन् २०१४ पृ. २१४)



चित्र २२ : मूर्ति, मिना कायस्थ, (नेपाली समसामयिक मूर्तिकलाको रूपरेखा, २०७५, पृ. २१५)

(मल्ल, २०७५, पृ. १६६) । उनले बनाएको एक मूर्तिमा धेरै मानिसको आकृति उभिएर नाचगानमा गरिरहेको देखाइएको छ । यस मूर्तिमा एकै प्रकारका अनेकौँ जिउजस्तो आकृति देखिने सामान्य सरलीकृत आकारका मानवहरू एकआपसमा सङ्गठित भएर सहनाइ फुकेको जस्तो देखिन्छन् । यस मूर्तिमा नेपाली सांस्कृतिक भाव झल्किएको पाइन्छ ।

त्यसै गरी लिरिक अफ लास्ट एरा शीर्षकको मूर्तिमा एउटा जिउ, तीन ओटा खुट्टा देखिन्छन् । यस मूर्तिमा लामालामा मोटा तारमा धेरै सङ्ख्यामा टाउका बनाइएको छ । यस मूर्तिले नेपालको समसामयिक राजनीतिक चरित्रलाई देखाएको छ । यिनले बनाएको अर्को मूर्तिमा साधारण झोला जस्तो आकृतिमा पातला रोटीजस्ता टाउकाका आकार जोडेको देखाइएको छ । समसामयिक अवस्थामा मानिसको जीवन केवल हेर्ने मात्र बनेको अनि परिस्थितिको चेपाइमा मगजविहीन बन्न पुगेको स्थितिलाई देखाइएको छ । कायस्थका आधुनिक मूर्तिकलामा नेपाली समाजको सांस्कृतिक विषयवस्तु र मानव चरित्रलाई महत्त्व दिइएको छ ।

## अनमारी तामाङ

नेपाली आधुनिक मूर्तिकलाका क्षेत्रमा अनमारी तामाङले समसामयिक विषयवस्तुलाई लिएर काम गरेको पाइन्छ । उनले सेरामिक्स, काठ, ढुङ्गा र अन्य धातु तथा मिश्रित माध्यमलाई लिएर मूर्ति रचना गरेको पाइन्छ । उनले बनाएको सिड अफ लाइफ शीर्षकको मूर्तिमा अण्डालाई किराहरूले खान खोजेको देखाइएको छ । यहाँ अण्डा भविष्यको प्रतीकका रूपमा आएको छ अनि समकालीन समयमा मानव विकासविरोधी क्रियाकलाप गर्ने किराले त्यसलाई ध्वस्त बनाउन चाहेका छन् । कुनै पनि सुन्दर र आशा रहेको वस्तुमा किरारूपी बाधा रहेका हुन्छन्, यसैलाई पार गरेर अगाडि बढ्नेको मात्र अस्तित्व रहेको हुन्छ भन्ने भाव यस मूर्तिमा देखिन्छ । अनमारीले मूर्तिकलाका साथै प्रतिस्थापन कला र चित्रकलाका क्षेत्रमा पनि काम गरेकी छिन् । उनले स्नातक तहमा मूर्तिकला पढ्न सिर्जना कलेजमा भर्ना भएकी थिइन् । त्यस बेला उनी मूर्तिकला विषयकी एक मात्र छात्रा थिइन् । उनको कथन छ, "जब म सिर्जना कलेजमा मूर्तिकला विषय पढ्न भर्ना भएँ, त्यसबेला छात्रा म मात्र थिएँ । यो पुरुष समाजमा नारी मूर्तिकारको अस्तित्वका लागि धेरै सङ्घर्ष गर्नुपर्दो रहेछ । ठुलो माटोको थुप्रोलाई कुटेर तयार गरी बोक्नुपर्ने, ज्यादै मेहनत लाग्ने हुँदा नारीहरू शारीरिक रूपमा कमजोर भएका कारण



चित्र २३ : वर्ड इन मोसन, अनमारी तामाङ (राष्ट्रिय ललितकला प्रदर्शनी, २०७७, पृ. ९१)



चित्र २४ : कम्पोजिसन, अनमारी तामाङ (राष्ट्रिय ललितकला प्रदर्शनी, २०७८, पृ. ९५)



चित्र २५ : Sheed of Life, अनमारी तामाङ (राष्ट्रिय ललितकला प्रदर्शनी, २०८१, पृ.११४)

मूर्तिकलामा लाग्ने चाहना गर्दैनन्" (तामाङ, सन् २०२१, पृ.२७-३३) ।

अनमारीले बनाएको काठको उल्लु पनि यथार्थ शैलीमा बनेको आकर्षक मूर्ति हो । त्यसै गरी उनले ढुङ्गामा कुँदेको कुकुर सुतेको देखाएकी छन् । जनावर तथा अन्य प्राणी प्रकृतिसँगको प्रेम यस मूर्तिमा पाइन्छ । उनी मूर्तिकलामा विभिन्न विषयलाई सरल ढङ्गबाट प्रस्तुत गर्ने क्षमता भएकी नारी मूर्तिकार हुन् ।

## शिलासा राजभण्डारी

शिलासा राजभण्डारी सामाजिक विषयवस्तुमा व्यङ्ग्यात्मक मूर्ति बनाउने नारी मूर्तिकार हुन् । उनले प्रायः मिश्रित माध्यमबाट मूर्ति बनाएको देखिन्छ । उनले आफ्नी हजुर आमा र आफ्नो समयको परिवर्तनशीलतालाई कलामार्फत देखाएकी छन् । उनले २०६८ सालमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले गरेको राष्ट्रिय प्रदर्शनीमा आधुनिक मूर्तिकलामा राष्ट्रिय पुरस्कारसमेत पाएकी थिइन् ।

त्यस पुरस्कृत मूर्तिमा दुई ओटा टाउको भएको कमिलालाई कमिलाकै जस्तो जीर्ण रुखको कुर्चीमा राखिएको छ । उक्त मूर्तिमा समसामयिक राजनीतिक नेतृत्वलाई व्यङ्ग्यात्मक रूपमा सूचित गरेको देखिन्छ । अर्को भोमिट शीर्षकको मूर्तिमा भित्तामा अड्याएको रिलिफ आकृतिमा मानिसले विकारका चिज सेवन गर्दा पचाउन नसकेको र त्यसलाई छादेर निकालेको भाव प्रस्तुत भएको देखिन्छ । शिलासा सिर्जनात्मक मूर्ति बनाउन धेरै रुचाउने मूर्तिकार हुन् । खेर गएका वस्तुको प्रयोग गरी भरिलो र खँदिलो आकृतिभन्दा खुल्ला र धेरै नाजुक आकृतिमा उनले मूर्ति बनाउने गरेको पाइन्छ । उनले नेपाली राजनीतिक व्यङ्ग्यका साथै नारी भावमा आधारित मूर्तिहरू पनि बनाएको देखिन्छ । नारीको भावलाई समेट्दै उनले ३२ ओटा सुनौला खाट बनाई त्यसमाथि डिजिटल प्रिन्ट गरी ससाना कपडाकै डसना बनाई लैङ्गिक विभेदको विषयलाई बुलन्द गरेकी थिइन् (श्रेष्ठ, २०७९, पृ.१०२) । पछिल्लो चरणमा उनी आधुनिक मूर्तिकलाको क्षेत्रमा कम क्रियाशील देखिएकी छिन् ।



चित्र २६ : मूर्ति, शिलासा राजभण्डारी, (राष्ट्रिय ललितकला प्रदर्शनी, २०६८, पृ. ४०)



चित्र २७ : भोमिट, शिलासा राजभण्डारी, (राष्ट्रिय ललितकला प्रदर्शनी, २०७०, पृ. ६३)

## सुनिता राणा


कलाकार सुनिता राणाले मूर्तिकला सिर्जना गर्दा विशेषतः फूल, पात, चरा जस्ता प्राकृतिक विषयलाई प्रधानता दिएको पाइन्छ । नेपालमा हुने प्रायःजसो मूर्तिकला कार्याशालामा सहभागी भएर मूर्ति बनाउने गरेकी राणा चित्रकलामा पनि



चित्र २८ : हाँसको मूर्ति, सुनिता राणा, तालतलैया, इटहरी ।



चित्र २९ : मालिका देवी, सुनिता राणा, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, सन् २०२४, पृ. २६



चित्र ३० : टिम वर्क, सुनिता राणा, (राष्ट्रिय ललितकला प्रदर्शनी, २०७०, पृ. ६३)


प्रख्यात छिन् । चित्रकला विषयमा स्नातकोत्तर गरेकी राणाले कहिलेकाही स्वतन्त्र रूपमा पनि मूर्तिकला सिर्जना गरेको पाइन्छ । मूर्ति सिर्जनाका क्रममा उनले एकपछि अर्को आकृति उद्धृत गर्दै आकारमा ल्याएको देखिन्छ । उनले कार्यशालाको मुख्य विषयवस्तुअनुसार ढुङ्गामा सजिलो हुने आकृति सरल ढङ्गले बनाउँछिन् भन्ने कुराको उदाहरण सुनसरी इटहरीको तालतलैयामा उनले बनाएको हाँसको मूर्तिमा देख्न सकिन्छ । त्यसै गरी कपिलवस्तुको सगरहवामा उनले नारी आकृतिमा जताततैबाट कपाल जस्तै देखिने लयात्मक भावमा आकृति बनाएकी छन् । यस मूर्तिले नारी अवरोहले ढाकिएको या जलिरहेको भाव सम्प्रेषण गर्छ । नारीवादी विषयवस्तुमा मूर्ति रचना गर्नु उनको विशेषता मात्र नभई क्षमता समेत बन्न पुगेको देखिन्छ ।

नेपाली मूर्तिकलाको क्षेत्रमा नारी मूर्तिकारको सहभागिता न्यून रहेको अवस्थामा चित्रविधामा कार्यरत सुनिता राणा मूर्तिकलामा पनि आकर्षित हुँदै मूर्तिकलाको अभ्यास गर्नु सुखद पक्ष हो । क्यानभासमा रङ र ब्रस खेलाइरहेका उनका हातले छिनो र घन समाई कडा पत्थरमाथि चलाएर निश्चित भावविधानसहितको आकृति निकाल्ने प्रयास गरिरहेको देख्न सकिन्छ । त्यसैले उनी कठोर शारीरिक श्रम गर्नुपर्ने यस्तो कलाभ्यासमा पनि अगाडि सरेर मूर्तिकला कार्यशालामा नारी मूर्तिकारको अभावलाई परिपूर्ति गर्ने उदाहरणीय नारी मूर्तिकार हुन् । कार्यशालामा बनाएका मूर्तिहरूबाट उनले

आफ्नो बेग्लै पहिचान बनाएकी छन् । आफ्ना चाहना र आकाङ्क्षालाई मूर्तिकलामा अभिव्यक्त गर्ने उनको यस्तो प्रयासलाई निजको पारिवारिक वातावरणले पनि सहज बनाइदिएको छ । उनका पति सुदर्शनविक्रम राणा नेपालका वरिष्ठ मूर्तिकार हुन् । यसै वातावरणबाट प्रभावित भएर उनी मूर्तिकलामा अग्रसर भएको देख्न सकिन्छ ।

## तिमिला मास्के

नेपाली नारी मूर्तिकारहरूमा तिमिला मास्के नारी आकृतिमा मूर्ति बनाउन रुचाउने मूर्तिकार हुन् । उनले ललितकला क्याम्पसबाट मूर्तिकला विषयमा स्नातकसम्म अध्ययन गरेकी छन् । तत्पश्चात् सामूहिक कला प्रदर्शनीमा सहभागी हुँदै मास्केले आफ्नो कलालाई फरक फरक आयाम र माध्यमबाट प्रदर्शित गरेको पाइन्छ । उनको भोकमरी शीर्षकको मूर्तिमा पाइपहरूलाई काटेर मुखको आकारमा केहीलाई उभ्याइएको अनि केहीलाई भुइँमा पल्टिएको अवस्थामा राखिएको देख्न सकिन्छ । यस मूर्तिमा तिमिलाले भोको परिवारको अवस्थालाई देखाउँदै त्यहाँ सबैले आँ गरिरहेको देखाएकी छिन् । त्यसै गरी उनले कम्पोजिसन शीर्षकको मूर्तिमा गोलाकार ढोकाहरूको जडित आकारमा एक ढोका बन्द गरेर अरूलाई खुल्ला देखाएकी छिन् । उनको यो सिर्जनात्मक मूर्तिकलामा मानिसका निम्ति एक ढोका बन्द भए पनि अरू जताततैका ढोकाहरू खुल्ला रहेका हुन्छन् भन्ने भावलाई समेटिएको छ । उनले गरेको माध्यमको प्रयोगले जस्तोसुकै आकारमा उनी आफ्नो विषयवस्तुलाई मूर्तीकृत गर्न सक्छिन् भन्ने देखिन्छ ।



चित्र ३१ : भोकमरी, तिमिला मास्के (राष्ट्रिय ललितकला प्रदर्शनी, २०६८, पृ. ४६)



चित्र ३२ : भोकमरी, तिमिला मास्के (राष्ट्रिय ललितकला प्रदर्शनी, २०७३, पृ. ५६)



चित्र ३३ : कम्पोजिसन, तिमिला मास्के (राष्ट्रिय ललितकला प्रदर्शनी, २०७०, पृ. ६४)

मूर्तिकार तिमिलाले कला प्रदर्शनीमा भाग लिएर मूर्ति प्रदर्शनी पनि गरेकी छन् तर उनले मूर्तिकला कार्यशालामा सहभागी भएर मूर्ति बनाएको त्यति पाइँदैन । उनले सरल भावमा धातु र अन्य माध्यमबाट पनि मूर्ति बनाएकी छन् । उनका मूर्तिमा नारी भावना र त्यसैसँग सम्बन्धित मायाममताको विषय आएको देखिन्छ ।

## कौशिला राई

मूर्तिकार कौशिला राई नेपाली मूर्तिकलाका क्षेत्रमा मेहनती नारी मूर्तिकारका रूपमा परिचित छिन् । उनले मोरङको उर्लाबारीमा मूर्तिकला कार्यशाला सञ्चालन गरेर विभिन्न देवदेवी, सालिक तथा आधुनिक मूर्ति बनाउने गरेकी छिन् । उनी प्रायः प्रस्तरमा मूर्ति कुँद्ने गर्दछिन् । उनका आधुनिक मूर्तिहरूमध्येको पर्दा शीर्षकको मूर्तिमा उनले एउटी नारीलाई नितम्ब भन्दा माथि पछाडिको नग्न शरीरमा देखाएकी छन् । उक्त मूर्तिमा मूर्तीकृत नारीको कपाल फुकेको छ । नारीको पछाडिको भाग देखाएर अनि अगाडिको सुन्दर रूपलाई प्रस्तरमै लुकाएर यस मूर्तिमा उनले नारीको भावना देखाएकी छन् । यो मूर्ति रिलिफ आकारमा बनाएको देखिन्छ । यो मूर्ति नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको २०८२ को प्रदर्शनीमा समेत प्रदर्शित भएको थियो ।



चित्र ३४ : पर्दा, कौशिला राई, (राष्ट्रिय ललितकला प्रदर्शनी, २०८२, पृ. १३४)



चित्र ३५ : दृष्टि, (राष्ट्रिय ललितकला प्रदर्शनी, २०७७, पृ. ९४)

यसै गरी कौशिलाले २०७७ मा प्रदर्शित दृष्टि नामक आधुनिक मूर्तिमा खोलेको आँखाभित्र ढोकाबाट एक नारीले बाहिर चिहाएको देखाएकी छन् । यिनका मूर्तिमा नारीका भावना प्रस्ट देख्न सकिन्छ । पर्दा भित्रकी नारीमा उनले एकातिर नारीको विवश अवस्था देखाएकी छिन् भने अर्कातिर नारीलाई नग्न बनाएर समाजलाई व्यङ्ग्यात्मक सन्देश दिएकी छन् । आजको समाजमा नारी सुरक्षित नभएको अवस्थालाई उनले आफ्ना मूर्तिहरूमार्फत अभिव्यक्त गरेको देखिन्छ । उनले नारी विषयवस्तु र मानवीय आकृतिलाई आधार बनाएर आधुनिक मूर्तिकलाको अभ्यास गरेको देखिन्छ । आफ्नो विषयमा निरन्तर काम गरिरहनु उनको विशेषता हो ।

## करुणा श्रेष्ठ

नेपाली आधुनिक मूर्तिकलाका क्षेत्रमा नवप्रतिभाका रूपमा देखापरेकी नारी मूर्तिकार करुणा श्रेष्ठ २०८२ सालको ललितकला प्रदर्शनीमा पुरस्कृत बनेकी थिइन् । सहीछाप शीर्षकको यो मूर्ति मिश्रित माध्यमबाट निर्माण भएको छ । यस मूर्तिका दुई भाग देखिन्छन्; जसमध्ये औँठा फाइबरमा बनाइएको छ भने भने सही छाप लगाएको पाना पित्तल

धातुको पातामा बनाइएको छ। यसबाट मूर्तिकार करुणाले साधारण भए पनि औंलाभन्दा छाप लगाएको प्रमाण ज्यादै बलियो हुने सन्देश प्रवाह गरेको देखिन्छ। यस मूर्तिले मानव समाजमा कागजी तमसुकले निम्त्याएको पीडा र त्यसको भयाभह अवस्थालाई देखाएको छ। उनका इनलाइटमेन्ट शीर्षकको मूर्तिमा पलेटी कसेर बसेकी महिलाको विशाल रूप देख्न सकिन्छ। पित्तल धातुमा बनाइएको यो मूर्ति मूर्तिकार करुणाले ललितकला क्याम्पसमा स्नातक तहको अध्ययनका क्रममा बनाएकी थिइन्। यस मूर्तिको बनोट र फराकिलो पलेटी मारेर बसेको अवस्थाले नारीको विशाल काखलाई प्रतिबिम्बित गरेको देखिन्छ।



चित्र ३६ : सहीछाप, करुणा श्रेष्ठ, (राष्ट्रिय ललितकला प्रदर्शनी, २०८१, पृ. २१)



चित्र ३७ : इनलाइटमेन्ट, करुणा श्रेष्ठ, (राष्ट्रिय ललितकला प्रदर्शनी, २०८१, पृ. ११८)

हाल ललितकला केन्द्रीय विभागमा स्नातकोत्तर तहमा मूर्तिकला विषय अध्ययन गरिरहेकी मूर्तिकार करुणाले बेला बेलामा आयोजना हुने मूर्तिकला कार्यशालामा समेत सहभागी भई मूर्ति बनाउँदै आएकी छिन्। उनले काठ, माटो, फाइबर, धातु, र ढुङ्गामा मूर्ति बनाउने गरेको देखिन्छ। विषयवस्तु र माध्यमलाई ख्याल गरेर आधुनिक मूर्तिकला सिर्जना गरेमा सफल भइन्छ भन्ने उदाहरण नारी मूर्तिकार करुणाले देखाएकी छिन्।

## निष्कर्ष

परम्पराभन्दा फरक विषयवस्तु र नवीन कलाशैलीमा गरिने मूर्तिको कला नै आधुनिक मूर्तिकला हो। आधुनिक मूर्तिकलाका क्षेत्रमा नारीमूर्तिकारको उपस्थिति अत्यन्त न्यून छ। समग्र मूर्तिकलाको अभ्यासमा नारीहरूको सहभागिता कम हुनुको मुख्य कारण सिर्जनक्रममा गर्नुपर्ने कठोर श्रम नै हो। यसलाई मलजल गर्ने काम नेपाली समाजको पितृसत्तात्मक सोचले पनि गरेको छ। अर्कोतिर आधुनिक मूर्तिकलाको बोध क्षमता, कलापारखीको चेतनास्तर तथा बजारको अवस्थाले पनि आधुनिक मूर्तिकलाका क्षेत्रमा नारीहरूको उपस्थिति न्यून भएको देखिन्छ। नेपालमा मूर्त मूर्तिकलाको दाँजोमा अमूर्त मूर्तिकला कमै बिक्री भएको पाइन्छ। मूर्तिकलामा लगानी र परिश्रम अत्यधिक हुने अनि

पछि त्यस अनुरूप प्रतिफल पनि नआउने हुँदा नारी मूर्तिकारको यस क्षेत्रमा कमी भएको हो । पुरुष मूर्तिकारहरू सँगसँगै नारी मूर्तिकारहरूको पनि आधुनिक मूर्तिकला सिर्जना गर्ने चाहना हुन्छ तर कठिन कार्य गर्नुपर्ने, घरपरिवारको असहज वातावरण र नारीप्रतिको समाजिक हेराइले उनीहरू खुलेर आधुनिक मूर्तिकलामा सहभागी हुन सक्दैनन् ।

आधुनिक मूर्तिकलाका क्षेत्रमा केही नेपाली नारीहरूले आफ्नो उपस्थिति देखाइरहेकै छन् । यस्ता मूर्तिकारहरूमा प्रमिला गिरी, सुस्मा सिंखडा, पुष्पा शेरचन, इन्दिरा श्रेष्ठ, मीना कायस्थ, अनमारी तामाङ, शिलासा राजभण्डारी, सुनिता राणा, तिमिला मास्के, कौशिला राई, करुणा श्रेष्ठ प्रमुख छन् । नारी मूर्तिकारहरूले विभिन्न कार्यशालामा सहभागी भएर मूर्ति बनाउने गरेको देखिन्छ । नारी मूर्तिकारका यस्ता मूर्तिहरूमा विशेष गरी स्त्री प्रजनन, नारी भावना, विभिन्न जनावर र पशुपक्षीलाई आधार बनाएर अर्धमूर्तता र अमूर्तताको स्थिति सिर्जना गरेको देखिन्छ । विशेषतः नारी मूर्तिकारहरूका आधुनिक मूर्तिहरूमा नारी भावनाको अभिव्यक्ति पाइन्छ अनि समाज तथा राजनीतिप्रति व्यङ्ग्यचेत पनि देख्न सकिन्छ । सङ्ख्यागत रूपमा न्यून उपस्थिति रहे पनि गुणवत्ताका हिसाबले सशक्त उपस्थिति देखाउनु आधुनिक मूर्तिकलामा क्रियाशील नारी मूर्तिकारहरूको विशेषता बनेको छ ।

## सन्दर्भ सामग्री सूची

श्रेष्ठ, अगम (२०७९). *विचार र प्रस्तुतिमा नेपाली आधुनिक मूर्तिकारहरू.* काठमाडौँ : नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान ।

तामाङ, अनमारी (सन् २०२१). लाइफ : इन्ट्रोस्पेक्सन एन्ड सेल्फ डिस्कभरी, *लावण्य ।*

दाहाल, पेशल र सोमप्रसाद खतिवडा (२०६०). *नेपालको कला र वास्तुकला.* काठमाडौँ : एमके पब्लिसर्स एन्ड डिस्टिव्युटर्स ।

भण्डारी, नरेन्द्रप्रसाद (२०७९). *समसामयिक नेपाली मूर्तिकला र मूर्तिकार.* काठमाडौँ : नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान ।

मल्ल, मुकेश (२०७५). *नेपाली समसामयिक मूर्तिकलाको ऐतिहासिक रूपरेखा.* काठमाडौँ : नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान ।

मल्ल, मुकेश (२०६१). *आधुनिक कलाः अर्थ, प्रकृया र भाषा,* काठमाडौँ : फाइनआर्टनेपाल डट कम ।

मैनाली, लय (२०६३). *प्रमिला गिरीका आधुनिक प्रतिष्ठापित मूर्तिहरू.* काठमाडौँ : श्रीमती सुमन लामिछाने मैनाली ।

मैनाली, लय (२०६१). *ठाकुरप्रसाद मैनाली र उहाँका आधुनिक वातावरणीय मूर्तिहरू.* काठमाडौँ : इन्दिरा मैनाली ।

राजभण्डारी, नविन्द्रमान (२०७०). *पाश्चात्य कला सङ्क्षिप्त इतिहास.* काठमाडौँ : नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान ।